# बागचौर नगरपालिका

## स्थानीय राजपत्र

खण्डः०८ संख्याः ३ मितिः २०८२/०२/०२

भागः २

# संघीय शिक्षण सहयोग अनुदान छनौट तथा व्यवस्थापन कार्यविधि-२०८२

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः२०८२।०२।०२**

**राजपत्रमा प्रकाशन मितिः २०८२।०२।०४**

**प्रस्तावनाः**

नेपाल सरकारबाट सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९ देखि १०) तथा निम्न माध्यमिक तह(कक्षा ६ देखि ८) मा बिषयगत शिक्षकको उपलब्धता वृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धीमा अपेक्षित सुधार गर्ने उदेश्यले नेपालको वर्तमान संबिधानको अनुसूची ८ को क्रमांक ८ बमोजिमको स्थानीय तहलाई प्राप्त आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि बागचौर नगरपालिका भित्र सञ्चालित बिभिन्न सामुदायिक विद्यालयहरुमा विगत लामो समयसम्म वि.व्य.स.गठन हुन नसकेको हुँदा सङ्घीय अनुदानमा नयाँ शिक्षक छनौट तथा नियुक्तिमा समस्या सिर्जना भएकाले नेपाल सरकारबाट प्राप्त सङ्घीय शिक्षण सहयोग अनुदानलाई कार्यान्वयन गर्न शिक्षा विज्ञान तथा प्रबिधि

मन्त्रालयबाट तयार पारेको शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि-२०७७ को दफा १६ बमोजिमको मार्गनिदर्शनमा बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन २०७५(दोस्रो संशोधन-२०८१)को दफा-६२ को उपदफा-१ र बागचौर नगरपालिकाको स्थानीय शिक्षा नियमावली-२०८०(दोस्रो संशोधन-२०८२) को नियम १०६ ले दिएको अधिकार बमोजिम यो कार्यविधि नगरकार्यपालिकाले जारी गरेको छ ।

## परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम बागचौर नगरपालिकाको संघीय शिक्षण सहयोग अनुदान छनौट तथा व्यवस्थापन कार्यविधि-२०८२ हुनेछ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछी तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“कार्यपालिका"** भन्नाले बागचौर नगरपालिका,सल्यानको नगर कार्यपालिकालाई सम्झनुपर्छ

(ख) **“कार्यालय”** भन्नाले बागचौर नगरपालिका सल्यानको कार्यालय सम्झनुपर्छ ।

(ग) “**दरबन्दी**” भन्नाले संघीय शिक्षण सहयोग अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुने गरी विद्यालयमा रहेको अनुदान कोटालाई सम्झनुपर्छ ।

(घ) **“नगरपालिका**“ भन्नाले बागचौर नगरपालिका सल्यानलाई सम्झनुपर्छ ।

(ङ) **शिक्षक भन्नाले"** नेपाल सरकारको संघीय शिक्षण सहयोग अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुने गरी नगर

कार्यपालिकाबाट छनौट भएको विद्यालयमा नियुक्त तथा व्यवस्थापन भएको शिक्षकलाई बुझाउनेछ।

(च) **"नगर शिक्षा समिति"** भन्नाले नगर शिक्षा ऐन बागचौर २०७५ (दोस्रो शंसोधन २०८१) बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्दछ

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बागचौर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झनुपर्छ ।

(ज) **"शाखा"** भन्नाले बागचौर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(झ) **"विद्यालय"** भन्नाले बागचौर नगरपालिका क्षेत्रभित्र नेपाल सरकार तथा नगरपालिकाबाट अनुमति तथा स्वीकृत भइ संचालनमा रहेका स्वीकृत दरबन्दी राहत, सङ्घीय अनुदान, नगर शिक्षक कोटा समेत प्राप्त गरेका र प्राप्त हुने नियमित अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(ञ) **"शिक्षक छनौट समिति"** भन्नाले यस कार्यविधिको परिच्छेद ३ को दफा ७ बमोजिमको समिति भनेर सम्झनपर्दछ।

# परिच्छेद-२

## विद्यालय छनौट, कोटा निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था

**३. विद्यालय छनोटका आधारहरूः संघीय शिक्षण सहयोग अनुदान छनौट तथा वितरणका लागि विद्यालय छनौटका आधार देहाए बमोजिम हुनेछन्:**

(क) विगतमा माध्यमिक तथा निम्न माध्यमिक तह संचालन भइ नेपाल सरकारबाट कुनै प्रकारको दरबन्दी प्राप्त नगरेका विद्यालयहरु

(ख) माध्यमिक तथा निम्न माध्यमिक तह संचालन भइ नगरपालिकाबाट सो तहमा कुनै प्रकारको शिक्षक अनुदान प्राप्त नगरेका विद्यालय

(ग) सम्बन्धित तहमा राहत,सङ्घीय,नगर अनुदानमा दरबन्दी संख्या न्यून भएका विद्यालय

(घ) शिक्षा नियमावलीले तोकेको विद्यार्थी संख्या भएका विद्यालय

(ग) नियमित रूपमा सामाजिक र लेखापरीक्षण गरेका विद्यालय

(ङ) विद्यालय सुधार योजना अद्यावधिक गरेको हुनुपर्ने ।

(च) शैक्षिक सुशासन उच्च कायम भएका विद्यालय

(छ) नियमित रुपमा IEMIS सम्बन्धि सबै प्रकारको विवरण नियमित अद्यावधिक गर्ने विद्यालय

(ज) माथि उल्लेखित बुँदाहरुमा जुनसुकै आधार भएता पनि सङ्घीय शिक्षण सहयोग अनुदान कोटा वितरण गरिने तहमा शुन्य दरबन्दी रहेको वा एक मात्र दरबन्दी रहेको,दुइ मात्र दरबन्दी रहेको वा सम्बन्धित तहको शिक्षक विद्यार्थी अनुपात शिक्षा नियमावली बमोजिम भएको विद्यालयहरुलाई शिक्षा परामर्श समितिको प्रतिवेदनको आधारमा नगर शिक्षा समितिले सिफारिस गरेका र नगरकार्यपालिकाले छनौट गरेका विद्यालय |

## ४.कोटा निर्धारण गर्नु पर्नेः

(१) विद्यालयगत रुपमा रहने गरि संघिय अनुदान कोटा निर्धारणका लागि शिक्षा परामर्श समितिको स्थलगत अध्ययन तथा अनुगमन प्रतिवेदनको आधारमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले कोटा निर्धारण गर्नेछ |

(२) सङ्घीय शिक्षण सहयोग अनुदान कोटा निर्धारणका लागि सिफरिस गर्दा उपदफा(१)बमोजिम नगर शिक्षा समितिले देहाएका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(३) शिक्षा परामर्श समिति वा शिक्षा शाखावाट विद्यालयको स्थलगत अनुगमन गराई आवश्यक सूचना सङ्कलन गर्ने र नगर शिक्षा समिति समक्ष सिफारिस सहित कोटा निर्धारण विवरण पेश गर्नुपर्नेछ ।

(४) नगर शिक्षा समितिमा आवश्यक छलफल गरी छनौट हुने विद्यालय हरुको सिफारिस सहित नगर कार्यपालिका समक्ष पेस गर्नुपर्नेछ।

## परिच्छेद-३

## संघीय शिक्षण सहयोग अनुदानमा शिक्षक छनौटका लागि विज्ञापन तथा पदपूर्ति सम्बन्धी व्यवस्था

**५. संघीय शिक्षण सहयोग अनुदानमा शिक्षक पदपूर्तिका लागि विज्ञापन गर्नु पर्ने-**

(१) नगरकार्यपालिकाबाट विद्यालयगत रुपमा तह,विषय र दरबन्दीको किसिम खुलाई कोटा निर्धारण भए पश्चात उक्त कोटामा करारमा खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्त गर्न कम्तिमा प्रन्ध दिने सुचना खोली नगरपालिकाले विज्ञापन गर्नपर्नेछ| विज्ञापन गर्दा सबैभन्दा पछिल्लो समय शिक्षक सेवा आयोगले प्रकाशित गरेको कर्णाली प्रदेश भित्रको सम्बन्धित तह र बिषयको करार सूचीमा उल्लेखित उम्मेदवारलाई पहिलो प्राथमिकतामा राखी नियुक्ति हुने अवसर प्राप्त गर्नका लागि सार्वजनिक रुपमा नै सो बिज्ञापनमा करार सुचीमामा रहेको उम्मेद्वार सम्बन्धी कुरा उल्लेख गरि नगरकार्यपालिकाले बिज्ञापन खोल्न पर्नेछ ।

(२) उपदफा(१)बमोजिमको उम्मेदवारहरुको निवेदन परेमा उनीहरुको प्राथमिकताक्रमको आधार (erit ist) मा सबैभन्दा पहिलो प्राथमिकताक्रममा रहेको उम्मेद्वारलाई विज्ञापनको मिति समाप्त भएको ७ दिन भित्र विज्ञापन गरिएको पद र संख्याको

आधारमा नगरकार्यपालिकाले सो निवेदक तथा उम्मेद्वारलाई सिफारिस गर्नुपर्नेछ|

(३) उपदफा(१)तथा(२)बमोजिम कुनै पनि उम्मेद्वार सिफारिस हुन् नसकेमा उपदफा(१)बमोजिम गरिएको खुल्ला बिज्ञापनबाट स्वच्छ प्रतिस्पर्धाका आधारमा विज्ञापन गरि योग्य शिक्षक छनौट गर्नपर्नेछ। (४)उपदफा(१)बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्धारा सङ्घीय अनुदानमा शिक्षक पदपूर्तिका लागि न्यूनतम पन्ध्र दिनको अवधि तोकी विज्ञापन गर्दा बागचौर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयको वेभसाईट,कार्यालयको सूचना पाटी,सबै वडा कार्यालयको सूचना पाटी र स्थानीय पत्र पत्रिका मार्फत सार्वजनिक रुपमा विज्ञापन गर्नु पर्नेछ ।

(२)उपदफा(१) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन्

(क) नेपाली नागरिक,

(ख)१८ वर्ष उमेर पुगेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बरखास्त नभएको,

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता भएको,

(छ) सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको

(ज) ४० वर्ष उमेर ननाघेको

(झ) कुनै पनि राजनितिक दलको सदस्य नरहेको |

(३) उपदफा(१)बमोजिमको योग्यतामा जुनकुनै कुरा उल्लेख भएपनि यदि कुनै शिक्षक प्राथमिक तहमा स्थायी नियुक्ति पाई निरन्तर कार्यरत रहेको भए सो शिक्षकको हकमा उमेर हद लाग्ने छैन ।

**६. पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रियाः**

(१) दफा(५)बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतका कोटामा शिक्षक पदपूर्तिका लागि लिइने खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रणाली लगायत अन्य सबै प्रकिया  शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रममा रही निष्पक्ष तथा स्वच्छ प्रतिस्पर्धामा आधारित हुनेछ । साथै उक्त शिक्षक पदको परीक्षा केन्द्र नगरपालिकाबाट शिक्षा समितिले तोकेको नगरपालिकाको कार्यालय वा अन्य आसपासको सार्वजनिक स्थान वा पुरानो श्रोतमा गर्न सकिनेछ ।

**७. शिक्षक छनौट छनौट समितिः**

(१) यस कार्यविधि बमोजिम नगर कार्यपालिकाबाट सङ्घीय अनुदानमा विद्यालयगत रुपमा कोटा निर्धारण भईसकेपछी विद्यालय तथा विषयगत रुपमा वितरण भएको संघीय अनुदान कोटामा शिक्षक पदपूर्ति गर्न बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन-२०७५( संशोधन सहित-२०८१ को परिच्छेद ४ को दफा २२ को उपदफा २ बमोजिमको देहाएको शिक्षक छनौट समितिले गर्नेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत : संयोजक

(ख) जिल्लाको रोष्टर तथा बिज्ञ सुचीमा सम्बन्धित बिषय र तहमा सूचीकृत भएका रोष्टर तथा बिज्ञ शिक्षकहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका दुई जना - सदस्य

(ग) नगरपालिकाका अधिकृत कर्मचारी वा कर्मचारीहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेका एक जना- सदस्य

(घ) प्रमुख शिक्षा अधिकृत वा शाखामा काम गर्न तोकिएको कर्मचारी : सदस्य- सचिव

(२) विषयगत विज्ञताका आधारमा समितिले आबश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरु र सम्बन्धित तथा अन्य शाखाको कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा १ बमोजिमको शिक्षक छनौट समितिको अन्य प्रकिया नियमावली तथा कार्यविधिमा तोकिए बमोजिम हुनेछ |

(३) शिक्षक छनौट समितिका पदाधिकारीहरु,बिषय बिज्ञहरु,सो सम्बन्धी अन्य तोकिएको कामकाज गर्न तोकिएको व्यक्ति र अन्य आमन्त्रित सदस्यहरुले नियमानुसार बैठक भत्ता र अन्य पारिश्रमिक पाउने छन् ।

(४) शिक्षक छनौट समितिको कार्य संचालन तथा बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकारः**

नेपाल सरकारले उपलब्ध गराएको सङ्घीय शिक्षण सहयोग अनुदानमा नगरपालिकाबाट कानुन बमोजिम तोकिएको शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि कार्यपालिकाले स्वीकृत गरी वितरण भएका कोटामा करारमा शिक्षक नियुक्ति गर्न खुला प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) सङ्घीय शिक्षण सहयोग अनुदानमा शिक्षक छनौटका लागि सबै प्रकारका लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्ने,

(ग) लिखित परीक्षामा सफल भई अन्तर्वाता परीक्षामा सहभागी भएका उम्मेदवारहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट तथा कोटा रहेको विद्यालयका लागि तोकिएको

बिषयमा नियुक्ति तथा पदस्थापना गरि हाजिरीका लागि सम्बन्धित विद्यालयमा सिफारिस गर्ने

(घ) सिफारिस भएका शिक्षकले शिक्षक सेवा आयोगको मापदण्ड अनुरुप नियुक्ति नलिएमा वा कुनै अन्य कारणले सो पद एक वर्ष सम्म रिक्त भएमा नियमानुसार वैकल्पिक उम्मेदवारलाई सिफारिस गर्ने |

**९. सिफारिस भएको शिक्षकको करार सम्झौताः**

(१) शिक्षक छनौट समितिले सिफारिस गरी सम्बन्धित विद्यालयमा पठाएको उम्मेदवारलाई शिक्षा,युवा तथा खेलकुद शाखाले करार सम्झौता गरी कामकाजमा पठाउन पर्नेछ ।

## परिच्छेद– ४

## शिक्षकको सेवा, शर्त, सुविधा र सजाय सम्बन्धी व्यवस्था

**१०.संघीय अनुदान दरबन्दीमा नियुक्त भएको शिक्षकको पारिश्रमिक तथा अन्य सुविधाः**

(१) संघीय शिक्षक सहयोग अनुदानमा नियुक्त भएका शिक्षकले नेपाल सरकारले तोकेको मापदण्डमा रही शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले बनाएको कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेखित गरेको तलब वा पारिश्रमिक उपलब्ध र अन्य व्यवस्था हुनेछ।

(२) सङ्घीय अनुदानमा कार्यरत शिक्षकको मासिक पारिश्रमिक विद्यालयबाट पेश हुने माग फारम तथा हाजिरीका आधारमा त्रैमासिक रुपमा, चाडपर्व खर्च प्रथम त्रैमासिक अवधिमा र पोशाक वापतको रकम तेस्रो त्रैमासिक अवधिमा सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ । सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**११. शिक्षक कर्मचारीको काज तथा विदाः**

(१) यस कार्यविधि बमोजिम नियुक्त शिक्षकले करार सम्झौतामा उल्लेख भए बमोजिम मासिक भैपरी विदा आधा दिन र पर्व विदा आधा दिनका दरले वर्षभरीमा ६।६ दिन र विरामी विदा वापत एक वर्षमा १२ दिन पाउने छन्। यस कार्यविधि बमोजिम पाउने विदा अर्को शैक्षिक सत्रका लागि संचित गर्न पाउने छैनन्। साथै सो विदा वापतको अन्य कुनै किसिमको अतिरिक्त सुविधा गराइने छैन ।

**१२. शिक्षकले पालना गर्नु पर्ने आचारसंहिताः सङ्घीय अनुदानमा नियुक्त शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः-**

(क) करार सम्झौता अनुरूपको कार्य इमान्दारी पूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमितरूपले विद्यालयमा आएको र गएको समय जनाई हाजिरी गर्ने,

(ग) पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(ङ) नगरपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दल को गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने

**१५.शिक्षकलाई हुन सक्ने सजायः**

(१)उचित र प्रयाप्त कारण भएमा सङ्घीय अनुदानमा नियुक्त भएको शिक्षकलाई देहायको सजाय हुन सक्नेछ-

(क) नसिहत दिने,

(ख) बढीमा एक त्रैमासिक अवधिको तलब रोक्का गर्ने,

(ग) भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने,

(२) विद्यालय आउने जाने समय पालना नगरेमा नगर शिक्षकलाई नसिहत दिन सकिनेछ ।

(३) अनुशासनहिन काम गरेमा, बराबर विद्यालयको समय पालना नगरेमा, आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा बढीमा एक त्रैमासिक अवधिको पारिश्रमिक रोक्का गरिनेछ ।

(४) पदीय दायित्व पुरा नगरेमा, विना सूचना पन्ध्र दिनभन्दा बढी अवधि विद्यालयमा अनुपस्थित रहेमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, विद्यालय समयमा अन्यत्र अध्यापन गरेमा वा कुनै व्यावसायिक क्रियाकलापमा सहभागी भएमा, राजनैतिक दलको सदस्यता लिएर वा नलिएर राजनैतिक दलको क्रियाकलापमा संलग्न रहेको पाइएमा भविष्यमा शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, भ्रष्टाचार गरेमा भविष्यमा शिक्षक लगायत अन्य नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

**१६. सजाय दिने अधिकारी**

(१) शिक्षकलाई नसिहत दिने, तलब रोक्का गर्ने, भविष्यमा नोकरीको निमित अयोग्य नठहरिने र ठहरिने गरी सेवाबाट हटाउने सजाय स्थानीय शिक्षा ऐन तथा नियमावली र प्रचलित कानुनमा तोकेको अधिकारीले दिनेछ

## परिच्छेद-४

## विविध

**१७. दरबन्दी मिलान, पदस्थापना र सरुवाः**

(१) नगरपालिकाले आबश्यकतको आधारमा गर्ने दरबन्दी मिलानबाट कुनै विद्यालयमा नगर शिक्षकको कोटा कट्टी भई अर्को

विद्यालयमा थप हुन गएमा उक्त कोटामा कार्यरत शिक्षक दरबन्दी थप हुने विद्यालयमा स्वतः पदस्थापना भएको मानिनेछ ।

(२) सङ्घीय अनुदानमा कार्यरत शिक्षकहरुलाई नगरपालिकाको एउटा सामुदायिक विद्यालयको सङ्घीय अनुदान कोटाबाट अर्को सामुदायिक विद्यालयको सङ्घीय अनुदान कोटामा तह र बिषय मिल्ने गरी नगर शिक्षा समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

**१८. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको उद्धेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्ने छ ।

**१९. बचाउ र खारेजीः**

(१) यो कार्यविधि जारी हुनुभन्दा पहिलेका आर्थिक वर्षहरुमा यस नगरपालिका भित्र नियुक्त भएका सङ्घीय अनुदानमा कार्यरत शिक्षकहरुलाई सम्बन्धित विद्यालयहरुमा निकासा गरिएको पारिश्रमिक तथा अन्य सुविधा वापतको रकम यसै कार्यविधि बमोजिम निकासा भएको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछन ।

३) यस कार्यविधि अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

४) यो कार्यविधिका प्रावधानहरु प्रचलित कानून बमोजिम बाझिन गएमा बाझिएको हद सम्म स्वत अमान्य हुनेछ ।

**आज्ञाले**

**हरि बहादुर कठायत**

**नि.प्रमुख प्रशासकीय अधिकृत**